मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १३९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत २४ गते मंगलबार (Tuesday, 7 April. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विभिन्न देश पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, चैत २३।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३१बस्ने बैतडी दोगडाकेदार गाउँपालिका-५ घर भएका ३४ वर्षीय वीरेन्द्रबहादुर चन्द र नवलपरासी पश्चिम रामग्राम नगरपालिका-१३ घर भएका ३८ वर्षीय महावीर नाम रहेका छन् । पक्राउमध्ये वीरेन्द्रले जापान

*(बाँकी अन्तिम पृष्ठमा)*

## लघुवित्तको पैसा हिनामिना गर्ने शाखा प्रमुख पक्राउ

**सोलुखुम्बू, चैत २४।** सामुदायिक लघुवित्त वित्तीय संस्थाको विभिन्न शाखामा प्रमुख भएर कार्य गर्दा संस्थाको रकम गैरकानूनी रूपमा अपचलन गरेको आरोपमा सन्तोष मगर पक्राउ परेका छन् ।

सिन्धुलीको फिक्कल-१ घर भएका २७ वर्षीय मगरलाई जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट खटिएको विशेष टोलीले सिन्धुली प्रहरीको समन्वयमा नियन्त्रणमा लिएको हो । उनलाई सिन्धुलीको कमलामाई नगरपालिका-५ मधुटारबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

मगरले सोलुखुम्बूको सल्लेरी लगायतका विभिन्न शाखाहरूमा कार्यरत रहँदा पदको दुरुपयोग गर्दै कृत्रिम कर्जा प्रवाह भएको देखाएर आर्थिक अपचलन गरेको उजुरी परेको थियो । संस्थाका तर्फबाट अख्तियार प्राप्त प्रतिनिधि वाङ्गेल लामाले मगरले गैरकानूनी तवरबाट रकम लिनुदिनु गरी संस्थालाई ठूलो आर्थिक क्षति पुऱ्याएको भन्दै जाहेरी दिएका थिए ।

सोही जाहेरीका आधारमा उच्च अदालत विराटनगरबाट उनीबिरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । फरार रहेका मगरको खोजीमा जुटेको प्रहरीले उनलाई सिन्धुलीमा फेला पारेर सोलुखुम्बू ल्याएको हो । पक्राउ परेका मगरलाई चैत २२ गते उच्च अदालत बिराटनगरबाट बैंकिङ कसुर तथा सजाय ऐन २०६४ बमोजिम सात दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूका सूचना अधिकारी प्रहरी निरीक्षक विकास राईले जानकारी दिए ।

## किर्नाको टोकाइबाट बालकको मृत्यु

**झापा, चैत २३।** किर्नाले टोकेर इलाममा एक बालकको मृत्यु भएको छ ।

माई नगरपालिका -१०, लुम्बाकको हिमालय माध्यमिक विद्यालयमा कक्षा ७मा अध्ययनरत् सन्तोष रम्तेलको किर्नाको टोकाइबाट मृत्यु भएको हो । बिरामी परेपछि उनलाई बिर्तामोडस्थित बिएण्डसी अस्पताल ल्याइएको थियो । उपचारकै क्रममा आइतवार निधन भएको हो । ती बालकलाई किर्नाले टोकेर चैत १४ गते

*(बाँकी अन्तिम पृष्ठमा)*

# लेखापढी व्यवसायी अनिश्चितकालीन आन्दोलनमा

**पार्थ मण्डल**

**झापा, चैत २३।** लेखापढी कानून व्यवसायीहरु आन्दोलित भएका छन् । व्यवसायीहरूमाथि प्रहरीले गरेको धरपकड र गिरफ्तारीप्रति कडा आपत्ति जनाउँदै नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशनले सशक्त आन्दोलनको घोषणा गरेको छ ।

आधार र प्रमाणबिना व्यवसायीहरूलाई 'बिचौलिया' को संज्ञा दिएर गिरफ्तार गरिएको भन्दै उक्त कार्यको निन्दा गरिएको छ । प्रहरीले देशभरका मालपोत तथा नापी कार्यालयहरुमा निगरानी बढाइ धरपकड शुरु गरेपछि लेखापढी कानून व्यवसायीहरु आन्दोलित बनेका हुन् ।

कानूनी रूपमा अनुमति प्राप्त गरी सञ्चालनमा रहेका भू-सेवा केन्द्रका सञ्चालक र लेखापढी व्यवसायीहरूलाई अपराधीको शैलीमा पक्राउ गरिएकोमा आपत्ति जनाइएको छ । व्यवसायीले नेपाल कानून व्यवसायी परिषद् ऐन २०२५को संशोधन ऐन २०३५ र लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५१ अन्तर्गत अदालतबाट प्रमाणपत्र प्राप्त गरी सेवा दिँदै आएको बताइएको छ ।

साथै भूमि व्यवस्थापन तथा अभिलेख विभागको निर्देशिका २०७६ बमोजिम भू-सेवा केन्द्र सञ्चालन गरिरहेका व्यवसायीलाई बिचौलिया भन्नु सरासर गलत र अपमानजनक भएको बताइएको छ ।

नेपाल लेखापढी कानून व्यवसायी इकाई समिति भद्रपुर झापाका अध्यक्ष निरज पोखरेल र सचिवमा मुरारी न्यौपानेले सोमवार विज्ञप्ति जारी गरी व्यवसायीहरुको धरपकडबिरुद्ध भूसेवा केन्द्रहरु बन्द गरिएको जनाएका छन् । धरपकड बन्द नभएसम्म तथा पेशागत सुरक्षाको ग्यारेन्टी सुनिश्चित नभएसम्म लेखापढी कानून व्यवसायीद्वारा सञ्चालित सेवा बन्द गरिएको विज्ञप्तिमा उल्लेख छ ।

प्रहरीको व्यवहारले पेशागत मर्यादा र संवैधानिक हक




अधिकारमाथि आघात पुगेको निष्कर्ष निकाल्दै एशोसिएशनले बिरोध स्वरूप नेपालभरिका लेखापढी व्यवसायीहरुले अर्को निर्णय नहुञ्जेलका लागि पेन डाउन गर्ने निर्णय गरेका छन् ।

पेन डाउनका क्रममा कोही व्यवसायीले लुकिछिपी सेवा सुचारु गरेको पाइएमा विधान बमोजिम कारबाही गरिने र भविष्यमा संस्थाले कुनै पनि सहयोग नगर्ने स्पष्ट पारिएको छ । एशोसिएशनले राज्य पक्षबाट भएको अपमानजनक व्यवहार सच्चिएर निर्वाध रूपमा पेशा व्यवसाय गर्ने वातावरण सुनिश्चित नहुञ्जेलसम्म आन्दोलन जारी रहने जनाइएको छ । प्रहरीले ललितपुर लगायतका विभिन्न जिल्लाबाट व्यवसायीलाई पक्राउ गरेको बताइएको छ ।

यता लेखापढी व्यवसायको नाममा बिचौलियाको काम गर्दै आएको आरोपमा ५ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाले सञ्चालन गरेको विशेष सर्च अपरेसनका क्रममा उनीहरुलाई सेवाग्राहीका कागजातसहित नियन्त्रणमा लिइएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी गणेशबहादुर बमका अनुसार नियन्त्रणमा लिएकाहरूलाई मालपोत कार्यालय धनुषा परिसरबाट पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार उनीहरूको साथबाट केही महत्वपूर्ण कागजात समेत बरामद गरिएको छ । प्रारम्भिक अनुसन्धानबाट उनीहरू पेशागत रूपमा लेखापढी व्यवसायमा आवद्ध भए पनि सोही आडमा बिचौलियाको भूमिका निर्वाह गर्दै आएको खुलेको छ । उनीहरूले सेवाग्राहीलाई छिटो काम गराइदिने र सेटिङ मिलाइदिने

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापा मालपोत र नापीमा बिचौलिया प्रवेशमा कडाइ

**झापा, चैत २३।** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमिसँग सम्बन्धित सबै कार्यालयमा अनधिकृत व्यक्ति (बिचौलिया) लाई प्रवेश निषेध गर्न निर्देशन दिएसँगै जिल्ला भूमि सुधार तथा मालपोत कार्यालय झापा र जिल्ला नापी कार्यालय झापामा पनि प्रवेश निषेधमा कडाइ गरिएको छ ।

सरकारको कदमप्रति आपत्ति जनाउँदै नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन इकाई समिति भद्रपुरले सोमबार दिउँसो १२ बजेदेखि आफ्नो सेवा बन्दको घोषणा गरेका थिए ।

चैत १८ गतेको निर्णय बमोजिम ती कार्यालयहरूमा बिचौलिया प्रवेश निषेध गरिए पनि लेखापढी व्यवसायीले बाहिरैबाट भूसेवा दिँदै आइरहेका थिए । बुधवारदेखि सो सेवा पनि पूर्ण रुपमा बन्द हुने भएपछि सेवाग्राहीहरू थप मारमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## यात्रुहरुलाई हैरानी दिने २४ जना नियन्त्रणमा

**झापा, चैत २३।** इलाका प्रहरी कार्यालय काँकरभिट्टाले यात्रुहरुलाई तानातान गरी हैरानी दिने २४ जनालाई नियन्त्रणमा लिएको छ ।

मेचीनगर-६स्थित मेची भन्सार कार्यालय, बसपार्क तथा बजार क्षेत्र आसपासबाट उनीहरुलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार भारतका विभिन्न स्थानबाट नेपाल प्रवेश गर्ने यात्रुहरुलाई होटल, अस्पताल तथा धार्मिकस्थलमा पुऱ्याइदिन्छौं भन्दै जबरजस्ती तानातान गर्ने, अनावश्यक हैरानी दिने जस्ता गतिविधिमा उनीहरू संलग्न रहेका थिए ।

यस्ता गतिविधिले यात्रुहरुलाई असहज बनाएको गुनासो बढेपछि विशेष निगरानीसहित खटिएको प्रहरी टोलीले २४ जना पुरुषलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले जानकारी दिए । नियन्त्रणमा लिइएकाहरूमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## २३ स्थानमा बर्डफ्लु



**काठमाडौँ, चैत २३।** यस वर्ष चैतमा मात्र २३ स्थानमा बर्डफ्लु रोग देखिएको छ । पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालले चैतमा मात्र २३ ठाउँमा बर्डफ्लु रोग देखिएको जानकारी दिए । यसअघि (चैत अगाडि) यस वर्ष बर्डफ्लु देखिएको थिएन ।

यस वर्ष पहिलोपटक चैत ६ गते मोरङ जिल्लाको सुन्दरहरैंचा र उर्लाबारी नगरपालिकामा एकै साथ दुई स्थानमा बर्डफ्लु देखिएको थियो । उनका अनुसार सुनसरीमा १२ स्थान, मोरङमा सात स्थान, झापा दुई ठाउँ, चितवनमा एक ठाउँ र काठमाडौंमा एक स्थानमा बर्डफ्लु रोग देखिएको छ । उनले बर्डफ्लु देखिएको स्थानलाई नियन्त्रणमा लिई फैलिन नदिइएको बताए ।

उनका अनुसार ती स्थानमा एक लाख चार हजार कुखुरा एवम् हाँस नष्ट गरिएको छ । काठमाडौँको

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापामा लागूऔषध दुर्व्यसन रोक्न कडाइ

**झापा, चैत २३।** लागूऔषध नियन्त्रणका लागि प्रहरीले सञ्चालन गरेको 'मिसन अप्रेशन ब्राउन' अन्तर्गत झापामा कडाइ बढाइएको छ । पछिल्ला दिनमा प्रहरीको सक्रियतासँगै ब्राउनसुगरसहित ठूलो परिमाणमा नगद बरामद हुनुले अभियान प्रभावकारी बन्दै गएको देखिएको छ ।



जिल्ला प्रहरी कार्यालय झापाले सार्वजनिक गरेको विवरण अनुसार चैत २२ गतेसाँझ करिब ७:३० बजे भद्रपुर नगरपालिका-४ डाँगीबारी क्षेत्रमा लागूऔषध कारोबार भइरहेको गोप्य सूचनाका आधारमा प्रहरी टोली परिचालन गरिएको थियो । वडा प्रहरी कार्यालय भद्रपुरबाट प्रहरी निरीक्षक मोतीलाल जोशीको नेतृत्वमा खटिएको टोलीले शंकास्पद घरमा छापा मार्दा बिक्रीका लागि लुकाइ राखिएको अवस्थामा ब्राउन सुगर फेला परेको हो ।

कारबाहीका क्रममा बिर्तामोड-१ निवासी १७ वर्षीय अनमोल गजमेर पक्राउ परेका छन् । उनको साथबाट २१६ ग्राम ५० मिलिग्राम ब्राउनसुगर बरामद भएको प्रहरीले जनाएको छ । साथै नेपाली रुपैयाँ ३ लाख ५२ हजार ५ सय नगद, अमेरिकी डलर ७५, पाकिस्तानी रुपैयाँ ५०, अष्ट्रेलियन डलर ५ र भारतीय रुपैयाँ ४३० समेत फेला परेको छ । विभिन्न कम्पनीका मोबाइल फोन समेत बरामद गरिएको जिल्ला

*(बाँकी अन्तिम पृष्ठमा)*

## मृत फेला

**झापा, चैत २३।** झापाको दमक नगरपालिका-३ बेलडाँगी शिविरमा बसोबास गर्ने ५४ वर्षीय तुलबहादुर बिष्ट मृत अवस्थामा फेला परेका छन् ।

गत चैत १९ गते बिहान करिब १० बजे घर नजिकै रहेको हुम्से-दुम्से सामुदायिक वनमा बाख्राका लागि घाँस काट्न गएका बिष्ट घर नफर्किएपछि परिवार र आफन्त चिन्तित बनेका थिए । चार दिनसम्म बेपत्ता रहेका उनको खोजी गर्ने क्रममा चैत २३ गते बिहान करिब ९ बजे सोही वन क्षेत्रमा उनलाई मृत अवस्थामा फेला पारिएको हो ।

सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय

*(बाँकी अन्तिम पृष्ठमा)*

## बिर्तामोडको कर्मशियल भवन बिक्रीमा




**झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल, हस्पिटल, कलेज, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त १ कठ्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।**

**सम्पर्क : ९७०७११९५५७ Whatsapp: ९८५२६७२५९६**

## सरकारी कार्यालयमा 'छड्के' गर्न टोली

**काठमाडौँ, चैत २३।** राष्ट्रिय सतर्कता केन्द्रले सरकारको शासकीय सुधार सम्बन्धी योजनाअनुसार सार्वजनिक सेवा प्रवाह भए/नभएकाबारे छड्के गर्न राजधानीबाहिर टोली खटाएको छ ।

सोमवारदेखि लागू भएको परिमार्जित कार्यालय समयको परिपालना र सेवा प्रवाहलाई चुस्त तुल्याउने उद्देश्यका साथ केन्द्रले कामठाडौँ उपत्यकाबाहिर नौ जिल्लामा टोली खटाएको प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए ।

आयोजनाको गतिविधि र सेवा प्रवाहमा निगरानी तथा छड्के गर्ने गरी आजैदेखि उपत्यकाबाहिर पनि केन्द्रका टोली खटिएका छन्- उनले भने- केन्द्रमा प्राप्त उजुरी तथा गुनासो सम्बोधन गर्ने काम पनि तीव्र गतिमा भइरहेका छन् ।

पछिल्लो समय दैनिक सेवा प्रवाहसँग जोडेर आएका गुनासा सम्बोधन गर्न केन्द्र सक्रिय र गतिशीलताका साथ लागिरहेको छ ।

नेपाल सरकारले आजदेखि लागू हुनेगरी कार्यालय समय बिहान ९:००देखि साँझ ५:०० बजेसम्म बनाएको छ । सरकारको निर्णयलाई मध्यनजर गरेर सो अवधिमा समय पालना भए/नभएको, कर्मचारीले तोकिएको कार्यकक्षमा बसेर कार्यसम्पादन गरे/नगरेको, सेवाग्राहीका काम समयमा सम्बोधन भए/नभएकाबारे अनुगमन भइरहेको छ- केन्द्रका सहसचिव भट्टले भने । कहीँकतै ढिलासुस्ती भए/नभएका बारे केन्द्रले 'फाइल ट्र्याकिङ' समेत गरिरहेको छ ।

त्यस क्रममा भ्रष्टाचार र गलत कार्य भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने र भ्रष्टाचारसम्बन्धी काम भएको भेटिए अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने काम भइरहेको उनले जानकारी दिए । सुशासन प्रबर्द्धन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहलाई सरलीकरण र सहजीकरण गर्ने वर्तमान सरकारको गति र उद्देश्य अनुसार आफ्नो सम्पूर्ण साधनस्रोत र जनशक्ति परिचालित गरिएको केन्द्रले जनाएको छ ।

दैनिक रुपमा उपत्यकामा परिचालन गरेका छौं । विभिन्न कार्यालय, मन्त्रालय, विभाग, सरकारी-सार्वजनिक निकायहरुमा अनुमगन, छड्के र निगरानी गर्ने, समय पालना भए/नभएको, फाइल अड्केको,

*(बाँकी अन्तिम पृष्ठमा)*

## उद्योग वाणिज्य महासंघ कोशीको नेतृत्व चयन



**मोरङ, चैत २३।** नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको अध्यक्षमा राजेन्द्र राउत पुन: निर्वाचित भएका छन् ।

महासंघ निर्वाचन समितिले सोमवार घोषणा गरेको परिणाम अनुसार अध्यक्षमा राउत विजयी भए । उनले आफ्ना प्रतिस्पर्धी नवीन रिजाललाई पराजित गरे । उक्त निर्वाचनमा अध्यक्ष राउतको प्यानल नै विजयी भएको छ ।

जिल्ला नगरतर्फको उपाध्यक्षमा ऋषिराज तिम्सिना, वस्तुगततर्फ राजन श्रेष्ठ र एसोसिएट उपाध्यक्षमा रवीन दाहाल निर्विरोध निर्वाचित भएका हुन् । यसैगरी कोषाध्यक्षमा श्रवणकुमार अग्रवाल तथा एसोसिएट सदस्यमा देवकीनन्दन अग्रवाल र भविषकुमार श्रेष्ठ निर्विरोध चयन भएका छन् । जिल्ला नगरबाट सदस्यमा कृष्णप्रसाद रिजाल, राजु ढुङ्गाना राजीव, जयप्रकाश शर्मा, हर्कबहादुर श्रेष्ठ र नवीनकुमार चौधरी

*(बाँकी अन्तिम पृष्ठमा)*

**सहारा नेपाल (SAHARA NEPAL)**

**केन्द्रीय कार्यालयः झापा**

## सिलबन्दी कोटेशन आव्हानको सूचना

**दोस्रोपटक सूचना प्रकाशित मितिः २०८२/१२/२४**

**सूचना नं.: 04/SN/CHP/PB/2082/083**

सहारा नेपाल तथा ह्याबीट्याट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित सुरक्षित आवास प्रवर्द्धन कार्यक्रम अन्तर्गत Cement Bamboo Framing Technology (CBFT) प्रयोग गरी विराटनगरमा एक सार्वजनिक भवन निर्माण कार्य गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक तथा प्रचलित कानून अनुसार दर्ता भएका योग्य निर्माण व्यवसाय कम्पनी/फर्महरुबाट सिलबन्दी कोटेशन आव्हान गरिएको छ ।

**बोलपत्रको विवरण**

| क्र.स. | निर्माण कार्यको संक्षिप्त विवरण | भवनको प्रकार | निर्माण स्थल | भवनको साईज | भवन संख्या |
|---|---|---|---|---|---|
| २ | निर्माण प्रविधि : Cement Bamboo Framing Technology (CBFT- Cement तथा Treated Bamboo) | सार्वजनिक भवन | विराटनगर, मोरङ | लम्बाई : ३३ फिट १ ईन्च<br>चौडाई : २० फिट ४ ईन्च<br>उचाई : १६ फिट ६ ईन्च | १ |

- सिलबन्दी कोटेशन पेश गर्न चाहने इच्छुक योग्य फर्म तथा निर्माण व्यवसाय कम्पनीले मिति २०८२/१२/३० गते कार्यालय समयभित्र सिलबन्दी कोटेशन पेश गरिसक्नुपर्नेछ । सिलबन्दी कोटेशन साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता, पान नम्वर वा भ्याट नम्वर दर्ता प्रमाण-पत्रको प्रतिलिपि, करचुक्ता प्रमाण-पत्र आव २०८१/०८२को प्रतिलिपि र कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि साथै मौजुदा प्राविधिक जनशक्तिको विवरण पेश गनुपर्ने छ ।
- सिलबन्दी कोटेशन सम्बन्धी कागजात केन्द्रीय कार्यालय, बिर्तामोड-२, झापामा मात्र संकलन गरिने छ ।
- सिलबन्दी कोटेशन स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सहारा नेपालमा सुरक्षित रहने छ ।
- विस्तृत प्राविधिक विवरण तथा भवनको डिजाइन कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

**सम्पर्क : सहारा नेपाल**

**विर्तामोड-२, चारपाने, झापा (फोन नं : ०२३-५३११९८)**

# अपाङ्गता भएकालाई सहायता सामग्री

**अर्जुनधारा, चैत २३।** झापाको अर्जुनधारा नगरपालिकाले सोमबार एक कार्यक्रमकाबीच अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न सहायता सामग्रीहरु वितरण गरेको छ।

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, अर्जुनधारा नगरपालिका र करुणा फाउण्डेशन नेपालको साझेदारीमा गत आर्थिक वर्ष ०८१/०८२देखि सञ्चालित अपांगता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्तर्गत उनीहरुलाई उक्त सहायता सामग्रीहरु वितरण गरिएको हो।



वितरण गरिएका सामग्रीहरुमा ट्वाइलेट चेयर २५ थान, व्हील चेयर १५ थान, वैसाखी ११ थान, वाइट क्यान १० थान, एल क्यान नौ थान, नी क्याप छ थान, ट्राइपोड स्टीक पाँच थान, एयर म्याट्रेस चार थान, पेटी चार थान, सहायक सामग्री (रोलेटर) तीन थान, मोबिलाइजेशन बेड दुई थान, युरीन म्याट दुई थान र वाकर दुई थान रहेका छन्। वितरण गरिएको सहायता सामग्रीहरुको जम्मा लागत आठ लाख ३४ हजार नौ सय ५० रुपैयाँ रहेको महिला, बालबालिका तथा ज्येष्ठ शाखाकी प्रमुख सूर्यमाला पन्धाकले जानकारी दिइन्।

नगरपालिकाकी उपप्रमुख एवम् स्थानीय अपांग समन्वय समितिकी संयोजक खड्गमाया पराजुलीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङ, फाउण्डेशनका पालिका संयोजक सुरेन्द्र गिरीलगायतले उक्त सामग्रीहरु लाभग्राहीलाई हस्तान्तरण गरेका थिए। उक्त कार्यक्रमको सञ्चालन शाखा प्रमुख पन्धाकले गरेकी थिइन्।

## सरकारी ...

सेवा प्रवाहमा कहीँकसैले व्यवधान भोगेको छ कि, त्यसमा सहजीकरण र कारबाहीका लागि फिल्डबाटै लेखेर दिने दैनिक रुपमा चलिरहेको छ- प्रवक्ता भट्टले भने।

## लेखापढी ...

भन्दै अतिरिक्त रकम असुल्ने गरेको तथा अनावश्यक झञ्झट सिर्जना गर्ने गरेको प्रहरीको भनाइ छ।

पछिल्लो केही समयदेखि सरकारले बिचौलियमुक्त सरकारी कार्यालयको नीति लिएको छ। सोही अनुरुप प्रहरीले आफ्नो सक्रियता बढाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

## उद्योग ...

निर्वाचित भएका छन् भने वस्तुगततर्फ सुभाष आचार्य र दीपक पाण्डे निर्वाचित भएका छन्। महासंघ कोशीमा जिल्ला नगर उद्योग वाणिज्य संघहरुबाट ३८, वस्तुगत संघ-संस्थाबाट १९ र एशोसिएटबाट १४८ जनाले महांघको नेतृत्व चयनका लागि मतदान गरेका थिए।

## किर्नाको ...

ज्वरो आएपछि बीएण्डसी अस्पताल भर्ना गरिएको र उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

## झापामा ...

प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले जानकारी दिए। बरामद लागूऔषध, नगद तथा अभियुक्तलाई जिल्ला प्रहरी कार्यालय झापामा राखी थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

**यस्तो छ चैत महिनामा प्रहरीको प्रगति**

प्रहरीका अनुसार चैत महिनामा जिल्लाभर लागूऔषध नियन्त्रणमा उल्लेख्य प्रगति भएको छ।

जिल्ला तथा वडा प्रहरी कार्यालय भद्रपुर क्षेत्रबाट १६ वटा मुद्दा दर्ता भई २१६ ग्राम ५० मिलिग्राम लागूऔषध बरामद गरिएको छ भने ३२ जना पुरुष पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय अनारमनीबाट २ वटा मुद्दामा १ ग्राम ५७० मिलिग्राम लागूऔषधसहित २ जना पक्राउ परेका छन्।

इलाका प्रहरी कार्यालय दमकले ३ वटा मुद्दामा १० ग्राम ५५० मिलिग्राम बरामद गर्दै ६ जनालाई नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय काँकरभिट्टाले ५ वटा मुद्दामा ५६ ग्राम ७५० मिलिग्राम लागूऔषधसहित चार जनालाई पक्राउ गरेको छ।

त्यसैगरी इलाका प्रहरी कार्यालय गौरिगञ्जले १ मुद्दामा ८२० ग्राम गाँजासहित एक जनालाई नियन्त्रणमा लिएको छ। प्रहरीका अनुसार सीमावर्ती क्षेत्र, शहरी बजार तथा आवासीय क्षेत्रमा निगरानी कडा पारिएको छ। लागूऔषध कारोबार नियन्त्रणका लागि विशेष अभियान सञ्चालन भइरहेको र यसमा समुदायको सहकार्य अपरिहार्य रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## झापा मालपोत ...

पर्ने भएका छन्।

यता भूमि सुधार तथा मालपोत कार्यालय झापाका प्रमुख मालपोत अधिकृत सुवास श्रेष्ठले लेखापढी व्यवसायीले भू-सेवा बन्द गरेमा प्रमुख जिल्ला अधिकारी, विभाग तथा मन्त्रालयसँग समन्वय गरी अगाडि बढ्ने बताए। 'कार्यालय बाहिर भू-सेवा बन्द भए पनि सेवाग्राहीको सेवा प्रवाह हामीले नै गर्नुपर्ने हुन्छ'- प्रमुख मालपोत अधिकृत श्रेष्ठले भने- 'भू-सेवाका लागि कार्यालयभित्रै डेस्क स्थापना गरी कर्मचारी व्यवस्थापन गरेर भए पनि सेवा दिन्छौँ।' उनका अनुसार मन्त्रालयको निर्देशन बमोजिम बैंकका कर्मचारीबाहेक अनधिकृत व्यक्ति प्रवेशलाई कडाइका साथ पालना गरिएको छ। सेवाग्राहीलाई सेवा लिन ढिला तथा केही असहज भए पनि बिस्तारै त्यसलाई सुधार गर्दै लैजाने उनले बताए।

## २३ स्थानमा ...

त्रिभुवन विश्वविद्यालय परिसरका कागमा बर्डफ्लु देखिएको थियो। सुनसरी, झापा र मोरङमा बर्डफ्लुको सङ्क्रमण फैलिएपछि ती जिल्लामा पशुपन्छी ओसारपसारमा प्रतिबन्ध लगाइएको महानिर्देशक डा. दाहालले बताए।

बर्डफ्लु देखिएको स्थानमा हामीले बर्डफ्लु क्षेत्र घोषणा गरेर आकस्मिक रोग अन्वेषण टोलीले ती पशुपन्छीलाई नष्ट गर्ने काम गरेको छ- उनले भने- हामीले बर्डफ्लु रोग नियन्त्रणमा गरेको कामबाट धेरै नमूनामा बर्डफ्लुको सङ्क्रमण देखिएको छैन। सरकारले बर्डफ्लु देखिएपछि हाँस, कुखुरा नष्ट गर्ने गर्दछ र सो बापत ७५ प्रतिशत क्षतिपूर्ति किसानलाई उपलब्ध गराउँदै आएको छ।

## विभिन्न ...

पठाइदिन्छु भन्दै १ जनाबाट १५ लाख रूपैयाँ र महावीरले अजरवैजान पठाइदिन्छु भन्दै दुई जनाबाट १८ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूले पक्राउ गरेको हो।

प्रहरीले वीरेन्द्रलाई काठमाडौं महानगरपलिका-१० बाट र महावीरलाई काठमाडौं महानगरपालिका-१२ बाट पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## मृत ...

दमकबाट प्रहरी नायव उपरीक्षक किशोर लम्सालको कमाण्डमा खटिएको टोलीले घटनास्थल पुगेर आवश्यक कानूनी प्रक्रिया पूरा गरेको जनाएको छ।

प्रारम्भिक अनुसन्धानका आधारमा बिष्टको मृत्यु जंगली हात्तीको आक्रमणबाट भएको हुनसक्ने आशंका गरिएको छ।


## गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रि सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२/१२/२४)

यस बैंकको नाममा रहेको तपशिलको गैर बैकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा खरिद गरी लिन इच्छुक व्यक्ति वा संघ/संस्थाले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा आईपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ।

| जग्गाधनीको नाम | जिल्ला | न.पा./ गा.वि.स. | वडा नं./ सिट नं. | कित्ता नं. | क्षेत्रफल/ व.मी. | कैफियत | सम्पर्क शाखा कार्यालय |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | झापा | साविक तोपगाछी गा.वि.स (हाल : शिवसताक्षी नगरपालिका वडा नं. ०१) | ६ | ४६६ | १०१५८.९३ | जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | विर्तामोड, झापा |

**गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरुबाट रु.५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा Kumari Bank LTD. पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामन्यतया धरौटी रकम फिर्ता दिइने छैन र धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।
(९) लिलाम सूचना प्रकाशित मितिले **१५** दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय, **विर्तामोड**मा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ।
(१०) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
(११) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop

**श्री मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि**
**मेचीनगर-९, धुलाबारी झापा**

## कर्जा बुझाउने बारेको ३५ दिने सूचना

**प्रथमपटक प्रकाशित मिति २०८२-१२-२४**

यस मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि. बाट बिभिन्न समयमा बिभिन्न शीर्षकमा लिएको कर्जाको तपशिलमा उल्लेख भएका शेयर सदस्यहरुले कर्जा लिए बापत बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना समेतको किस्ता रकम म्यादभित्र नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लघंन गरेको र बारम्बार लिखित तथा मौखिक ताकेता साथै ब्यक्तिगत सम्पर्क गरी कर्जा तिर्न जानकारी गराउँदा समेत कर्जा तिर्न वास्ता नगरेको हुँदा मिति २०८२/१२/०८ गते बसेको सञ्चालक समितिको ३०७ औं बैठकको निर्णय अनुसार कर्जा बुझाउने बारेको ३५ दिने यो सूचना प्रकाशित गरिएको छ। आजका मितिले ३५ दिनभित्रमा संस्थामा बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना समेतको रकम चुक्ता गर्न आउनु होला। अन्यथा सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ संस्थाको पुनर्लिखित बिनियम २०८०, संस्थाको लिखित ऋण नीति २०८२, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा कर्जा सूचना केन्द्र बमोजिम असुल उपर गरिने समेत जानकारी गराइन्छ।

| क्र.सं. | ऋणीको नाम थर | ठेगाना | बुबा | बाजे/पति | जग्गाधनीको नाम | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृष्ण बराल | मेचीनगर-०६ | टिकाराम बराल | कृष्णभक्त बराल | तेजकुमारी बराल | साबिक नकलबन्दा-८ | २३८८, २३८१ | ०-०-४, ०-०-४ |

**ऋण उप-समिति**
**मेचीनगर साकोस, मेचीनगर-९ झापा**

**श्री मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि**
**मेचीनगर-९, धुलाबारी झापा**

## कर्जा बुझाउने बारेको ७ दिने सूचना

**प्रथमपटक प्रकाशित मिति २०८२-१२-२४**

यस मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि. बाट बिभिन्न समयमा बिभिन्न शीर्षकमा लिएको कर्जाको तपशिलमा उल्लेख भएका शेयर सदस्यहरुले कर्जा लिए बापत बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना समेतको किस्ता रकम म्यादभित्र नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लघंन गरेको र बारम्बार लिखित तथा मौखिक ताकेता साथै ब्यक्तिगत सम्पर्क गरी कर्जा तिर्न जानकारी गराउँदा समेत कर्जा तिर्न वास्ता नगरेको हुँदा मिति २०८२/१२/०८ गते बसेको सञ्चालक समितिको ३०७ औं बैठकको निर्णय अनुसार कर्जा बुझाउने बारेको ७ दिने यो सूचना प्रकाशित गरिएको छ। आजका मितिले ७ दिनभित्रमा संस्थामा बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना समेतको रकम चुक्ता गर्न आउनु होला। अन्यथा सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ संस्थाको पुनर्लिखित बिनियम २०८०, संस्थाको लिखित ऋण नीति २०८२, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा कर्जा सूचना केन्द्र बमोजिम असुल उपर गरिने समेत जानकारी गराइन्छ।

| क्र.सं. | ऋणीको नाम थर | ठेगाना | बुबा | बाजे/पति | जग्गाधनीको नाम | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| १ | गेहनाथ लामिछाने | अर्जुनधारा-११ | दिल बहादुर लामिछाने | तिलचन लामिछाने | गेहनाथ लामिछाने | साबिक शनिश्चरे-०९ | ९१८५,९१८६ | ०-०-१०, ०-०-१० |
| २ | मोहन खतिवडा | मेचीनगर-०९ | प्रमानन्द खतिवडा | बेद प्रसाद खतिवडा | मोहन खतिवडा | साबिक धुलाबारी-४ | ३८५२,२०४० | ०-०-११.५, ०-१-१ |
| ३ | तिलक श्रेष्ठ | मेचीनगर-०९ | शेर बहादुर श्रेष्ठ | सिद्धिनारायण श्रेष्ठ | तिलक श्रेष्ठ | साबिक धुलाबारी-४ | २१०७ | ०-१-२ |

**ऋण उप-समिति**
**मेचीनगर साकोस, मेचीनगर-९ झापा**

## रोजगारीको सुवर्ण अवसर

झापाको बिर्तामोडमा आकर्षक तलब, खाना/बस्न, सुविधासहित रोजगारीको सुवर्ण अवसर रहेकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क नं. ९८२४९७४६९४ (9824974694)


**नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन**
**इकाई समिति, भद्रपुर, झापाको**

## प्रेस विज्ञप्ति

नेपाल लेखापढी कानून व्यवसायी परिषद ऐन २०२५को संशोधित ऐन २०३५ तथा लेखापढी सम्बन्धी नियमावली २०५१मा व्यवस्था भए बमोजिम तथा भू-सेवा ऐन २०७६ बमोजिम राज्यको न्यायिक तथा अर्धन्यायिक निकायबाट अनुमति प्राप्त गरी पेशा तथा व्यवसाय सञ्चालन गरी आइरहेको सर्वविदितै छ। हामी पेशा व्यवसायीकर्मी राज्यका नीति-नियमभित्र रही पेशा गरिरहेका छौ। सु-शासन हुनुपर्दछ राज्यका न्यायिक तथा अर्धन्यायिक निकायमा रहे/भएका बेथितिका बिरुद्धमा हाम्रो संस्थाले पनि पटक-पटक सम्बन्धित निकायमा आवाज उठाउँदै आइरहेका छौं, तथापि सु-शासनका नाममा हाम्रो व्यवसायको आवरणभित्र लुकिछिपि प्रशासनिक हस्तक्षेप गरी आक्षेप मात्र हामीमाथि थुपारी नीति नियमभित्र पेशा व्यवसाय गर्दा पनि प्रशासनिक झञ्झट, कार्यालयस्थलभित्र पेशागत मर्यादामाथि प्रहार गर्दै राज्य द्वारा विभिन्न लेखापढी कानून व्यवसायीहरुलाई गरिएको धरपकड, राज्यद्वारा गरिएको धरपकड तत्काल बन्द गर्ने गरी तथा पेशागत सुरक्षाको ग्यारेन्टी सु-निश्चित नहुञ्जेलसम्मका लागि हाम्रो एशोसिएशन द्वारा सञ्चालित तथा लेखापढी व्यवसायीद्वारा सञ्चालित भू-सेवा केन्द्र बन्द गरिएको यसै बिज्ञप्तिमार्फत जानकारी गराउँदछौं।

यस कार्यबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन इकाई समिति भद्रपुर झापा क्षमा प्रार्थी छ।

**मुरारी न्यौपानेः** सचिव **निरज पाखरेलः** अध्यक्ष


## टन्सिलका लक्षण

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाही सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहीं वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुनसक्छन्,

**यस्ता लक्षण देखिएमा चिकित्सकसंग परामर्श गरौं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

## घर नक्सा पासका लागि साँध-सँधियारका नामामा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. ४ बस्ने श्री गोपाल श्रेष्ठले निजको नाममा दर्ता रहेको साविक -२ हाल मेचीनगर-४ स्थित कि.नं. १५२३, २९६८ क्षेत्रफल ००-००-०५,००-००-०७ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री कृष्ण गुरुङ्ग, विसम्भर मेहता मिति २०८२/१२/०८ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गाधनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक ०२<br>हाल ०४<br>कि.नं. १५२३, २९६८<br>क्षेत्रफल ००-००-०५, ००-००-०७ | लम्बाई ८.६३५ मिटर<br>चौडाई ८.४२० मिटर<br>उचाई ३.० मिटर<br>क्षेत्रफल ६६.२० वर्गमिटर | पूर्व श्री संगीता भण्डारी<br>पश्चिम श्री बाटो<br>उत्तर श्री कृष्ण गुरुङ्ग<br>दक्षिण श्री विश्वम्भर मेहता |


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा




**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय


## स्वास्थ्य सेवाको पहुँच बढाऊ

हरेक वर्षको अप्रिल ७ का दिन विश्व स्वास्थ्य संगठनको स्थापना दिवसको सन्दर्भमा विश्व स्वास्थ्य दिवस मनाइन्छ । संयुक्त राष्ट्र संघको एउटा महत्त्वपूर्ण इकाइका रुपमा रहेको विश्व स्वास्थ्य संगठन विश्वका देशहरुमा स्वास्थ्य सम्बन्धी समस्याहरु माथि आपसी सहयोग र मानक विकास गर्ने संस्था हो । यसको स्थापना आजकै दिन सन् १९४८ मा भएको थियो । त्यही दिनको स्मरणमा प्रत्येक वर्ष मनाइने यो दिवसको उद्देश्य विश्वभर स्वास्थ्य सम्बन्धी सचेतना प्रवाह गर्नु पनि हो । नेपाल संयुक्त राष्ट्र संघको सदस्य भएका कारण यहाँ पनि आज स्वास्थ्य सचेतनाका विविध कार्यक्रमहरु सञ्चालन गरिन्छन् । स्वास्थ्य नै मानवको पहिलो धन भनिन्छ त्यसैले पनि यसलाई आधारभूत मानव अधिकारका रुपमा स्थापित गर्नुपर्छ ।

विश्वभरका मानवलाई गुणस्तरीय स्वास्थ्य सेवा, शिक्षा, स्वच्छ पानी, स्वच्छ हावा र पौष्टिक आहार आवश्यक हुन्छ । तर, विश्वमा अझै लाखौं मानिस यिनको पहुँचबाट टाढा छन् । त्यस्तै लाखौं मानिस गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा छैनन् भने बढ्दो विभिन्न प्रदूषणले जलवायुमा परिवर्तन ल्याउँदै जनस्वास्थ्यमा प्रतिकूलता थपिइरहेको छ । यिनै कारणको पृष्ठभूमिले अनेक संक्रामक रोगले महामारीको रुप लिँदैछन् भने उपचार आमनागरिकका लागि सुलभ छैन । यस्तोमा हाम्रो जस्तो विकासमा पछि परेको देशमा स्वास्थ्य रक्षाका लागि सचेतना नै पहिलो आवश्यकता हो र विश्व स्वास्थ्य दिवसको लक्ष्य पनि आमनागरिकलाई स्वास्थ्य रक्षाका लागि सुसूचित गर्नु नै हो । स्वास्थ्य दिवसले हरेक नागरिकको जन्मसिद्ध अधिकार र मानवको आधारभूत अधिकार केन्द्रमा राखेर स्वास्थ्य सेवाको दिगोपन र पहुँचमा जोड दिन्छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकार प्रत्याभूत गरेको छ । आफ्ना नीतिहरु मार्फत जनस्वास्थ्य सेवा ऐन तथा नियमावली, कार्ययोजना निर्माण तथा विकास गर्दै कार्यक्रमको कार्यान्वयनलाई जोड दिँदै आएको पनि छ । यसै अनुसार नेपालीको औसत आयु क्रमशः वृद्धि भएको छ । बाल मृत्युदर, मातृ मृत्युदर र संक्रामक रोगहरुको नियन्त्रणमा प्रगति पनि भइरहेको छ । तर, पछिल्लो समय गैर–संक्रामक रोगहरुको चुनौती थपिन थालेको छ । अहिले मृत्यु हुने प्रमुख कारणहरुमा हृदयघात, स्ट्रोक, उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता रोगहरु देखिएका छन् । त्यसैले नेपालले उपलब्धिहरुलाई संस्थागत र सुदृढ गर्दै समान पहुँच, गुणस्तरीय र सेवाको सुनिश्चितताका लागि यो दिवसले राज्यलाई प्रतिबद्ध गराउनु पर्छ ।

# महँगो इन्धनको दुष्प्रभाव



जुनारबाबु बस्नेत




मानव सभ्यतामा युद्धले कहिल्यै सकारात्मक प्रतिफल दिएको छैन । दुईवटा महायुद्धले हैरानी खेपेको विश्वले संयुक्त राष्ट्रसङ्घको स्थापनापछि केही स्थायित्व प्राप्त गरेको थियो । त्यसले शान्ति र स्थायित्वको यत्न गरेको थियो । तथापि शीतयुद्धको ओझेल त भोगेकै हो । शीतयुद्धकै कारण संसारलाई नै दुष्प्रभाव पार्ने ठूला दुष्कार्य भने भएनन् तर यताका वर्षमा युद्धले आपूर्ति शृंखलामा ठूलो दुष्प्रभाव पार्न थालेको छ । चार वर्षअघि रुसले युक्रेन अतिक्रमण गरेपछि जारी युद्ध टुङ्गिएको छैन । रुस र युक्रेनबीचको युद्धले नै विश्व आपूर्ति शृंखलामा गहिरो प्रतिकूल असर पारिरहेको थियो । मुद्रास्फीतिको जोखिम मात्र बढाएन, ब्याजदर असन्तुलन समेत बनायो ।

रुस र युक्रेनको युद्ध दुष्प्रभाव न्यूनीकरण नहुँदै गत वर्षदेखि पश्चिम एसिया अशान्त हुन पुग्यो । हमास र इजरायलबीचको युद्धका विस्तारित स्वरूप अहिले इरानसँगको युद्धमा पुगेको छ । एक महिनायता अमेरिका र इजरायलको इरानसँगको युद्धले विश्व आपूर्ति संरचनामा ठूलो असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य अकासिएको छ । यो एक महिनामा कच्चा तेलको मूल्य प्रति ब्यारेल एक सय अमेरिकी डलर हाराहारी पुगेसँगै त्यसको दुष्प्रभाव विश्वभर फैलिँदो छ । यसमा नेपाल अछुतो छैन । असर नेपालीको गोजी र भान्सासम्म पुग्दैछ । दुष्प्रभाव न्यूनीकरणका निम्ति तत्कालीन र दीर्घकालीन रणनीति तय गरी कार्यान्वयनमा ल्याउनुपर्ने अवस्था सिर्जना भएको छ ।

यताका सय वर्षमा जैविक इन्धनप्रति विश्व निर्भरता निरन्तर बढेको यथार्थ हो । भान्सामा खाना पकाउने ग्यासको प्रयोग बढ्दो छ । नेपालको भान्सामा खाना पकाउने ग्यासको पहँच गाउँसम्म विस्तार हुँदा भान्सामा बाह्य निर्भरता बढ्दो छ । पश्चिम एसियाको युद्ध असरले आपूर्ति शृंखला बिग्रिएपछि त्यसको प्रभाव सबैतिर पर्ने नै भयो । नेपालमा साबिकै बराबर ग्यास आपूर्ति भइरहे पनि ठूलो अभाव देखिएको छ । कालो बजारी बढेको भनिएको छ । ग्यास सञ्चयको प्रवृत्ति अस्वाभाविक हुँदो छ ।

यो अवस्थालाई सम्बोधन गर्न नेपाल आयल निगमले केही साताअघि आधा सिलिन्डर ग्यास वितरणका नीति लियो । यसले पनि आपूर्ति सहज बन्न सकेको देखिएको छैन । आयल निगमले घाटा खेपेर ग्यास आपूर्ति गरिरहेको छ । उपभोक्ता विद्युतीय चुलोतिर रूपान्तरण हुन थाले पनि सहजता अझै देखिएको छैन । अब आयातीत ग्यासको निर्भरता घटाउँदै विद्युतीय ऊर्जातिर रूपान्तरण हुँदै जान तत्कालीन र दीर्घकालीन नीति आवश्यक छ । विद्युतीय ऊर्जा बर्षातमा स्वनिर्भर भई निर्यात पनि हुन थालेको छ । यो पटक हिउँदमा हिउँ पर्याप्त परेको छ ।

चैतमा बर्षात हुन थालेको छ । यसले खेतीबारीमा सकारात्मक असर मात्र होइन, विद्युतीय उत्पादनमा पनि सकारात्मक प्रभाव हुनेछ । अब विद्युतीय ऊर्जाको प्रभावकारी व्यवस्थापन अपरिहार्य छ । चैत बैशाखको वातावरणीय तापमान बढेसँगै नदीनाला पानीको बहाब बढ्दै जानेछ । बर्षातमा झन्डै चार हजार मेगावाट विद्युतीय उत्पादन भए पनि सुक्खायातमा त्यसको आधाभन्दा न्यून भएको थियो । सुक्खायाममा न्यून हुन जाँदा भारतबाट आयात गर्नुपर्ने बाध्यता अझै छ । बर्षातमा भारत र बङ्गलादेश निर्यात गरिने ऊर्जा सुक्खायाममा न्यून हुनु नदी प्रवाही ऊर्जाको निर्भरता नै मुख्य कारण हो । अब ऊर्जा उत्पादन नीतिमा जलाशययुक्त आयोजनातर्फ ध्यान दिनु पर्छ ।

जलाशययुक्त आयोजना महँगो हुने हुँदा अधिक आयोजना नदी प्रवाही सहजतातिर मात्र अग्रसर भएको विगतबाट पाठ सिक्नै पर्छ । जलाशययुक्त आयोजना निर्माणको दीर्घकालीन नीतिले मात्र नेपालको ऊर्जा सङ्कट वर्षभरि नै टर्ने मात्र होइन, ऊर्जा सुरक्षा सहज हुनेछ । कुलेखानी जस्ता जलाशययुक्त आयोजना निर्माणलाई नीतिगत प्राथमिकता दिनु पर्छ । यो वर्षका निम्ति भने अब बिस्तारै नदीनालामा पानीको बहाब बढ्ने छ । विद्युतीय ऊर्जा उत्पादन बढ्ने छ । त्यसैले नेपाली भान्सालाई विद्युतीय ऊर्जातिर अग्रसर गराउँदा आयात न्यूनीकरण हुँदै जाने छ । भान्साका विद्युतीय उपकरण सहज बनाउने रणनीति अख्तियार गरिनु पर्छ । तत्काललाई लिइने यो रणनीतिलाई बिस्तारै दीर्घकालीन बनाउनु पर्छ । ग्यास आयात प्रतिस्थापन दिशातिर जानै पर्छ । देशभित्रकै ऊर्जामा स्वनिर्भरता बढाउनु नै मुलुकको दीर्घकालीन हितमा हुनेछ ।

पश्चिम एसियाको अशान्ति र युद्धले नेपालमा दोहोर दुष्प्रभाव देखिएको छ । पहिलो इन्धनको भाउ अकाशिएको छ भने दोस्रो खाडी मुलुकमा रहेका झन्डै १८ लाख नेपालीको रोजगारी जोखिममा परेको मात्र होइन, जीवन नै त्रासमा पारेको छ । दुई दिनअघि मात्र केही नेपाली घाइते भए । यसले विप्रेषणमा आधारित नेपाली अर्थतन्त्रमा पर्ने दुष्प्रभाव गहिरो हुन सक्छ । इन्धन आपूर्तिमा परेको दुष्प्रभावकै कारण यताका तीन सातामाा नेपाल आयाल निगमले तीन पटक मूल्य बढाइसके पनि निगम दैनिक घाटामै छ । पछिल्लो पटक चैत २० गते भएको मूल्य वृद्धिले विगतलाई उछिनेको छ । काठमाडौं उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर नै २०२ रुपैयाँ पुगेको छ ।

नेपालमा पहिलो पटक पेट्रोलको मूल्य दुई सय रुपैयाँभन्दा माथि पुगेको हो । यति उच्च मूल्य इतिहासमै पहिलो पटक हो । डिजेल र मट्टितेलको मूल्य पनि बढेर प्रति लिटर एक सय ८२ रुपैयाँ पुगेको छ । हवाई इन्धनमा पनि उच्च मूल्य वृद्धि भएको छ । उच्च मूल्य वृद्धिको दुष्प्रभाव अब अर्थतन्त्रको सबै क्षेत्रमा पर्न सक्ने छ । हवाई भाडा विश्वभर बढ्दै छ । नेपालको आन्तरिक हवाई भाडामा पनि पाँच हजार रुपैयाँसम्मको मूल्य वृद्धि भएको छ । यसले पर्यटन क्षेत्रमा असर पर्नेछ ।

तीन साता नपुग्दै तीन पटक मूल्य वृद्धि भए पनि नेपाल आयल निगम उच्च घाटातिर गइरहेको छ । पछिल्लो तथ्याङ्क अनुसार निगमले उच्च घाटा सहँदै इन्धन आपूर्ति गरिरहेको छ । अहिले पनि पेट्रोलमा ३४ रुपैयाँ प्रतिलिटर घाटा छ । डिजेलमा एक सय २० रुपैयाँ प्रतिलिटरसम्म घाटा छ । खाना पकाउने ग्यासमा प्रति सिलिन्डर चार सय १६ रुपैयाँ घाटा छ, तर पनि उपभोक्तालाई राहत दिन ग्यासको मूल्य बढेको छैन । आयातित वस्तु निरन्तर घाटा सहेर कहिलेसम्म आपूर्ति हुन सक्ला ? यता एक महिनामै निगमले १३ अर्ब रुपैयाँभन्दा बढी घाटा व्यहोरेको तथ्याङ्क बाहिर ल्याएको छ । त्यसैले अब भान्सामा विद्युतीय चुलोसँगै सवारीसाधनलाई पनि विद्युतीय ऊर्जातिर रूपान्तरण गर्दै लैजानुपर्ने बाध्यता छ । विद्युतीय सवारीसाधनतर्फ अगाडि बढ्ने रणनीति मात्र होइन, दीर्घकालीन रूपमा पनि अब विद्युतीय ऊर्जाबाट चल्ने सवारीसाधनको मार्गचित्र नै बनाएर अगाडि बढ्नु वाञ्छनीय हुन्छ ।

इन्धन महँगीको दुष्प्रभाव सबैतिर सघन रूपले पर्नेछ । इजरायल र अमेरिका दुबैसँग इरानले युद्ध सामना गरिरहँदा पश्चिम एसियाको तेल उत्पादनमा प्रतिकूलता थपिँदैछ । युद्धले आपूर्ति मार्गमा अवरोध आइररहेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अब युद्ध चाँडै अन्त्य हुने भने पनि धरातलीय वास्तविकताले बेग्लै बोल्न थालेको छ । आगामी वर्षका निम्ति अमेरिकी रक्षा बजेट इतिहासमै सबैभन्दा उच्च प्रस्ताव गरिएको छ । यता इरान पनि सोचे जति कमजोर भएको मान्ने अवस्था छैन । दुई दिनअघि मात्र दुईवटा लडाकु विमान इरानले खसाएको छ ।

यसले अब हर्मुज जलघाँटी चाँडै सहज हुन्छ भन्ने विश्वास गर्न कठिन भएको छ । कच्चा तेलको मूल्य उत्पादक मूल्यमै बढेको छ भने आपूर्ति शृंखलाको अवरोधले मूल्यमा झनै बढोत्तरी गराउँदैछ । यो प्रतिकूल अवस्थामा तत्काल सुधार हुन सक्ने विश्वासिलो आधार देखिँदैन । त्यसैले पनि कतिपय मुलुकले न्यून इन्धन खपतको रणनीति अख्तियार गर्न थालिसकेका छन् । नेपालले पनि न्यून इन्धन खपतको रणनीति बनाई कार्यान्वयनमा ल्याउने बेला भइसक्यो । सातामा दुई दिन बिदा दिने सरकारको निर्णयले इन्धन बचतमा सहयोग गर्नेछ ।

इन्धन किफायती रणनीति अहिले धेरै देशका निम्ति महत्त्वपूर्ण औजार हुँदैछ । अमेरिकामै इन्धनको मूल्य वृद्धिसँगै महँगीको चाप छ । युरोपमा ग्यासको मूल्य वृद्धि उच्च भएको छ । इन्धन मूल्य वृद्धिले वस्तु तथा सेवाको मूल्यमा बढोत्तरी भइरहेको छ । कतिपय देशहरूले इन्धन बचत गर्न जोर-विजोर प्रणाली अपनाएका छन् । कतिपयले बिदाको दिन बढाएका छन् । कतिपय देशले घरबाटै काम गर्न पाउने नीति अपनाएका छन् । जैविक इन्धनको खपत घटाउन विद्युतीय र सौर्य ऊर्जातर्फ रूपान्तण गरिन थालिएको छ । विद्युतीय उपकरणको प्रयोग बढ्दै गएको छ । इन्धनको मूल्य वृद्धिको असर वाह्य मुलुकमा जस्तै नेपालमा पनि पर्नेछ । निजी क्षेत्रको लगानीमा पनि दुष्प्रभाव पार्न सक्नेछ । इन्धनको मूल्य बढेपछि थाइल्यान्ड र फिलिपिन्स जस्ता देशले साताको चार दिन मात्र कार्यालय सञ्चालन गरिरहेका छन् ।

कच्चा तेलको मूल्य वृद्धि विश्व अर्थतन्त्रकै निम्ति प्रतिकूल दुष्प्रभावी हुन्छ । यसले लगानीमै असर पार्छ । अर्थतन्त्रमा अस्थिरता निम्त्याउँछ । लगानी असरले उत्पादन, रोजगारी र उपभोक्ता आयमा आयामिक दुष्प्रभाव पार्न सक्नेछ । मुद्रास्फीति समेत विस्तार हुन्छ । उपभोक्ताको क्रयशक्ति घट्छ । अर्थविद्को विश्लेषण अनुसार कच्चा तेलको मूल्यमा १० प्रतिशतको मूल्य वृद्धि हुँदा विश्वव्यापी मुद्रास्फीति ०.४ प्रतिशतले बढ्ने छ । मुद्रास्फीतिले उपभोक्ताको क्रय शक्ति क्षय हुनेछ । महँगो इन्धनले ढुवानी लागत बढेर उपभोग्य वस्तुको भाउ बढ्ने छ । निर्माण सामग्रीको भाउ बढेर विकास निर्माणमा समेत प्रतिकूल असर पर्नेछ । नेपालमा त झनै यो असर गहिरो हुन सक्नेछ । विगतदेखि नै पुँजीगत बजेट कार्यान्वयनको अवस्था नाजुक छ । अब यो अवस्थामा तत्कालै कसरी सुधार हुन सक्ला ?

छिमेकी भारतमा कच्चा तेलको मूल्य वृद्धिले चालू खाता घाटामै असर परेको छ । भारतले ८० देखि ९० प्रतिशतसम्म कच्चा तेल आयातमा आधारित छ । आयातित कच्चा तेल प्रशोधन गरेर भारतले नेपाल र भुटानलाई आपूर्ति गरिरहेको छ । कच्चा तेलको मूल्य वृद्धिले भारतको चालू खाता घाटा समेत उच्च हुँदैछ । कुल गार्हस्थ उत्पादनको चालू खाता घाटा दुई दशमलव दुई पुग्न सक्ने देखिएको छ । कच्चा तेलको प्रशोधनमा आउने अवरोधले सवारी तथा भान्सा इन्धन मात्र होइन, कतिपय औद्योगिक कच्चा वस्तुको अभाव हुन थालेको छ । रासायनिक मलको समेत अभाव हुन सक्नेछ । यसले कृषि क्षेत्रलाई दुष्प्रभाव पार्नेछ ।

अर्थविद्का भनाइ अनुसार पनि युद्धको असर संसारभर नै पर्नेछ र परिरहेको छ । युद्धले अमेरिकी र विश्व अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पार्ने सम्भावना छ । तेल र पेट्रोलियम उत्पादनमा अस्थिरता, मुद्रास्फीति, ब्याजदरमा उतारचढाव र सेयर बजारमा अनिश्चितता जारी रहन सक्नेछ । असर न्यूनीकरणका निम्ति नेपालले पनि तत्कालै गहन गृहकार्य गर्न अपरिहार्य छ । अर्थतन्त्रमा पर्ने दुष्प्रभाव घटाउन सकिएन भने लगानी, रोजगारी, आय र उत्पादनमा प्रतिकूल असरसँग जनजीवनले थप कठिनाइ भोग्न बाध्य हुनुपर्नेछ । गोप

## कस्ता मान्छेले खानुहुन्न सजिवन



गर्मी मौसममा बजारमा धेरै किसिमका तरकारी पाइन्छ, जुन धेरै किसिमका पौष्टिक तत्वले भरिपूर्ण हुन्छ । मानिसहरूले यसको सेवनको फाइदा लिन सकोस् भनेर धेरै उपभोग गर्छन् । यस्तै अर्को तरकारी ड्रमस्टिक अर्थात् सजिवन हो, जुन गर्मीमा प्रशस्त मात्रामा पाइन्छ ।

सजिवनलाई प्रोटिनको भण्डार भनिन्छ । यसको सेवनले धेरै प्रकारका रोगहरूमा फाइदा गर्छ, तर कतिपयको लागि यसको सेवन हानिकारक पनि हुन सक्छ । आउनुहोस् जानौं कस्ता मानिसहरूले यसको तरकारी वा सुप खानु हुँदैन भन्ने बारेमा । हामी तपाईलाई बताउँछौं कि हरेक फलफूल र तरकारीमा केही गुण र बेफाइदा हुन्छ । त्यस्तै ड्रमस्टिकमा पनि केही बेफाइदा हुन्छ । जसका कारण केही रोगमा यसको सेवन हानिकारक हुनसक्छ ।

**गर्भवती महिला**

गर्भवती महिलाले यसको सेवन गर्नुहुन्न । वास्तवमा यसको प्रकृति तातो छ । त्यसैले यसको अत्यधिक सेवनले हानी हुन सक्छ । यसका साथै अत्यधिक रक्तस्रावबाट पीडित महिलाहरूले पनि यसको अधिक सेवन गर्नुहुन्न ।

**ब्लडप्रेसर लो**

लो ब्लडप्रेसरको समस्या भएका व्यक्तिले पनि सजिवन खानबाट जोगिनुपर्छ । वास्तवमा यसको सेवन उच्च रक्तचापमा फाइदाजनक मानिन्छ । यसले उच्च रक्तचापलाई छिटो कम गर्न मद्दत गर्छ । त्यसैले निम्न रक्तचाप भएका व्यक्तिहरूले यसको सेवन गर्नुहुन्न ।

**ग्यास्ट्रिक र अल्सर**

ग्याँस र अल्सर जस्ता समस्या भएका मानिसहरूले पनि यसको सेवन गर्नुहुन्न ।

**स्तनपान**

बच्चा जन्माएपछि पनि यसको सेवन गर्नुहुन्न । यसका साथै यदि महिलाले स्तनपान गराइरहेकी छिन् भने त्यसको सेवनबाट पनि बच्नुपर्छ । एजेन्सी






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - विपरीत लिङ्गिसाथीबाट सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनाले मन हर्षित रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - स्वास्थ्य सम्बन्धी समस्याले हटेर जानेछ, पशुचौपायाबाट यथेष्ठ लाभ मिल्नाले मन हर्षित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** - धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, शत्रुमाथि विजय प्राप्त ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ताबाट छुटकारा मिल्नाले मन आननिदत रहने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, विशेष काममा साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - बोलिमा विचार पुऱ्याउनुहोला, बोलिको भरमा विशेष काम बन्ने योग छ, गुप्ताङ्ग सम्बन्धी समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - दिन मध्यम रहेको छ, सानो भए पनि काम बन्नेछ, मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, मनमा खिन्नता पैदा हुनेछ ।



### मुन्दुम ट्रेल अल्ट्रा रेस- २०८२

# खोटाङकी निर्मला तथा ओखलढुंगाका विनोद प्रथम

**खोटाङ, चैत २३।** 'मुन्दुम ट्रेल अल्ट्रा रेस-२०८२'को उपाधि महिलातर्फ खोटाङकी निर्मला राई र पुरुषतर्फ ओखलढुङ्गाका विनोद थापा मगरले जितेका छन् ।

महिला/पुरुष ६० किलोमिटर खुला अल्ट्रा रेस प्रतियोगितामा निर्मलाले आठ घण्टा २० मिनेट तथा विनोद छ घण्टा ५० मिनेटमा दूरी पार गर्दै उपाधि जितेका हुन् ।

महिलातर्फ रोल्पाकी आश्मा विश्वकर्मा नौ घण्टा २१ मिनेटमा दोस्रो र सोलुखुम्बुकी आङफुर्वा शेर्पा १० घण्टा ५६ मिनेटमा दूरी पार गर्दै तेस्रो भईन् । पुरुषतर्फ सोलुखुम्बुका अर्जुन कुलुङ छ घण्टा ५६ मिनेटसहित दोस्रो र सोही जिल्लाका मिलन कुलुङ सात घण्टा छ मिनेटमा दूरी पार गर्दै तेस्रो भए ।

भोजपुरको हतुवागढी गाउँपालिका-९ कोप्चेबाट शुरु भएको मुन्दुम ट्रेल अल्ट्रा रेस प्रतियोगिता आमचोक गाउँपालिकाको बयाङ-थामडाँडा हुँदै रामप्रसाद राई गाउँपालिकाको पामाखाङ-भञ्ज्याङ, कपासे, पाँचधारे र खोटाङको साकेला गाउँपालिका-३ खिदिमास्थित तावाभञ्ज्याङसम्म निर्धारण गरिएको थियो । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने विजेता धावकहरूले क्रमशः नगद ८० हजार रुपैयाँ, ६० हजार रुपैयाँ र ४० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

त्यस्तै ४५ किलोमिटर खुला पुरुषतर्फ काठमाडौँका अमित गुरुङ प्रथम, ताप्लेजुङका रमेश लिम्बू दोस्रो र भोजपुरका उमेश राई तेस्रो भएका छन् । महिलातर्फ पाँचथरकी पुष्पा लिम्बू प्रथम, जुम्लाकी रोशनी बुढा दोस्रो र भोजपुरकी रुष्मा राई तेस्रो भएका छन् ।

भेट्रान पुरुषतर्फ धरानका यमनाथ लिम्बू प्रथम, धरानकै विजयकृष्ण राई दोस्रो र सुनसरीका रेशम लिम्बू तेस्रो भएका छन् भने महिलातर्फ भोजपुरकी जमुना राई प्रथम र सोही स्थानकी बिनिता राई दोस्रो भए । प्रतियोगिताका विजेताहरूलाई कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुली नगद पुरस्कार, ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरेका हुन् ।







मन्त्री पराजुलीले तावाभञ्ज्याङ क्षेत्र पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त रहेको बताउँदै यसको समग्र विकासका लागि प्रदेश सरकार गम्भीर रहेको बताए । 'मुन्दुम ट्रेलको प्रस्थान विन्दु यही क्षेत्रमा भएकाले आन्तरिक तथा वाह्य पर्यटकको आकर्षण बढ्ने निश्चित छ । साकेला गाउँपालिकाले अघि सारेको भिजन अनुसारका योजना कार्यान्वयन गर्न सके यो क्षेत्र मात्र होइन, समग्र देशको आर्थिक समृद्धिको प्रमुख आधार बन्न सक्छ' -उनले भने- 'पहिलो पटक आयोजना गरिएको प्रतियोगिताले तावाभञ्ज्याङ क्षेत्रको पर्यटन प्रवर्द्धनमा नयाँ ऊर्जा थपेको छ । पर्यटन प्रवर्द्धनमा प्रदेश सरकार गम्भीर छ ।'

नेपालका लागि स्विस सरकारका राजदूत डा. डेनेली मेउली, कोशी प्रदेश सभा अन्तर्गत आर्थिक विकास समिति सभापति विनोद बान्तवा, भोजपुर नगरपालिकाका प्रमुख कैलाश आले मगर, आमचोक गाउँपालिकाका अध्यक्ष अशोक राई, हतुवागढी गाउँपालिका अध्यक्ष प्रेमकुमार राई, रामप्रसाद राई गाउँपालिका अध्यक्ष थामबहादुर राई, टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेत लगायतको उपस्थिति रहेको थियो ।

पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको मुन्दुम ट्रेलको प्रस्थान विन्दु खोटाङको साकेला गाउँपालिका-३ खिदिमास्थित तावाभञ्ज्याङमा आयोजित प्रथम मुन्दुम ट्रेल अल्ट्रा रेस-२०८२ भव्य रूपमा सम्पन्न भएको सहभागीहरूले बताएका छन् ।

साकेला गाउँपालिका अध्यक्ष राईले नेपाल सरकारले १०० गन्तव्य सूचीमा समावेश गरेको मुन्दुम ट्रेलको शुरुवाती विन्दु तावाभञ्ज्याङको अपेक्षित विकास हुन नसकेकामा चिन्ता व्यक्त गरे ।

'तावाभञ्ज्याङ क्षेत्रलाई पर्यटकीय हब बनाउने उद्देश्यले गाउँपालिकाले तावाताल निर्माण, धार्मिक बगैँचा तथा १३ जातजातिको सांस्कृतिक गाउँ स्थापना गर्ने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ । तर, पटक-पटक केन्द्र र प्रदेश सरकारसँग माग गर्दा पनि यो क्षेत्र अझै ओझेलमा परेको छ । यसप्रति सम्बन्धित निकायको ध्यान जान जरुरी छ' -उनले भने- 'संस्कृति र पर्यटन कहिल्यै समाप्त नहुने सम्पदा भएकाले धार्मिक तथा सांस्कृतिक पर्यटन मार्फत आर्थिक समृद्धिको ठूलो सम्भावना हुन्छ । आगामी दिनमा यसतर्फ विशेष ध्यान दिन आग्रह गर्दछु ।'

भोजपुरका आमचोक, हतुवागढी र रामप्रसाद राई गाउँपालिकाको संयुक्त आयोजना तथा खोटाङको साकेला गाउँपालिकाको व्यवस्थापनमा चैत २२ गते आइतबार सम्पन्न प्रतियोगिताले मुन्दुम ट्रेललाई अन्तरराष्ट्रियस्तरमा परिचित गराएको आमचोक गाउँपालिकाका अध्यक्ष अशोक राईले बताए । कार्यक्रमले तावाभञ्ज्याङ क्षेत्रलाई साहसिक तथा धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्ने विश्वास गरिएको छ ।

# लैङ्गिक हिंसाबिरुद्ध सचेतना

**झापा, चैत २३।** झापाको अर्जुनधारामा लैङ्गिक हिंसाबिरुद्ध सचेतनामूलक अभिमुखीकरण तालिम सम्पन्न भएको छ ।

अर्जुनधारा नगरपालिका-९ स्थित सप्तऋषि गुरुकुलमा लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी एकदिने अभिमुखीकरण सम्पन्न भएको हो । जलेश्वर सिकाई केन्द्रकी अध्यक्ष पुनम सुवेदीको अध्यक्षता तथा अर्जुनधारा नगरपालिका वडा नम्बर ९ का अध्यक्ष भीष्म मिश्रको प्रमुख अतिथ्यमा भएको कार्यक्रममा अर्जुनधारा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख हरिबहादुर कुँवर, प्रहरी चौकी शनिश्चरेका सहायक प्रहरी निरीक्षक नेत्रप्रसाद चम्लागाँई सप्तऋषिक गुरुकुलका प्राचार्य लक्ष्मीप्रसाद खनाल प्राचार्य टंकनाथ घिमिरे लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा कोशी प्रदेश रोस्टर ट्रेनर तथा मेचीनगर नगरपालिका केस म्यानेजर अरुणा चौधरी तथा सहायक प्रहरी निरीक्षक नेत्रप्रसाद चम्लागाँईले प्रशिक्षण दिएका थिए ।

संस्थाकी उपाध्यक्ष देवकला प्रसाईले स्वागत गरेकी थिइन् भने कार्यक्रमको सञ्चालन संस्थाकी परिचालक मञ्जु दाहालले गरेकी थिइन् ।

# सुदूरपश्चिमका अर्ग्यानिक उत्पादन पूर्वका बजारमा

□ **गोपाल अधिकारी**

**बिर्तामोड, चैत २३।** सुदूरपश्चिमका कृषकहरूले गाँजाको रेसाबाट बनेका अर्ग्यानिक कपडाहरू पूर्वका बजारमा बिक्री गर्दै आएका छन् ।

प्राकृतिक र वातावरणमैत्री सामग्रीबाट बनेका यी कपडाहरूले स्थानीय उपभोक्ताबीच आकर्षण बढाएको छ । कपडासँगै विष्णुभक्त रिजाल स्याउ खेती गर्दै आएका छन् । उनले पश्चिम नेपालमा उत्पादन हुने कपडासहित स्याउलाई पूर्वका बजारहरुमा बिक्रीका लागि ल्याउने गरेका छन् ।

वैकल्पिक व्यवसाय मार्फत सुदूरपश्चिमको हिमाली क्षेत्रमा पाइने अर्ग्यानिक उत्पादनहरू कपडा, स्याउ, मार्सी चामल, बोडी, सिबी, यार्सागुम्बा सिलाजित लगायतका वस्तुहरूको बिक्री-वितरण गर्दै आइरहेका छन् । उनका अनुसार गाँजाको रेसाबाट बनेका कपडाहरू बलिया, टिकाउ, स्वस्थकर र फाइदाजनक भएकाले बजारमा माग बढिरहेको छ ।





हेम्प प्रजातीको गाँजाबाट बनेका कपडाहरू छालाको एलर्जी कम गर्ने, पसिना कम जम्ने, छाला सफा राख्ने, हानिकारक ब्याक्टेरिया र सूर्यको खराब विकिरणसँग लड्न सक्ने तथा गर्मी-जाडो दुबै मौसममा लगाउन उपयुक्त हुने विशेषता रहेका छन् ।

आयुर्वेदमा कविराजको सल्लाह अनुसार यसको प्रयोग मांसपेशी दुखाइ, अनिद्रा, पाचन सुधार र तनाव कम गर्न फाइदाजनक हुन्छ । हाल नेपालमा गाँजा खेती कानूनी रूपमा अवैध छ । तर, हेम्प प्रजातिमा नशालु पदार्थ (THC) न्यून हुने भएकाले यसको संरक्षण गरी सामग्री उत्पादन गर्न सकिने सम्भावना छ । सुदूरपश्चिमका जिल्लाहरूमा प्रशस्त मात्रामा पाइने हेम्पबाट अत्तर, मालिस तेल, कपडा, जुत्ता, मोजा, ज्याकेट, टोपी लगायतका सामग्री तयार गरिन्छ ।


कर्णाली प्रदेश जाजरकोटका विष्णुभक्त आफ्नो ५५ रोपनी जग्गामा आठ सय बोट स्याउ खेती गर्दै आएका छन् । विशेषज्ञहरूका अनुसार हेम्प प्रजातिको गाँजा र यसबाट उत्पादन हुने सामग्रीलाई नियमन गर्न सकियो भने यसले स्थानीय उत्पादन प्रवर्द्धन र आयआर्जनमा ठूलो सहयोग पुर्‍याउने देखिएको छ ।

# गोदरेजको नयाँ वर्षमा आकर्षक योजना सार्वजनिक

**झापा, चैत २३।** नयाँ वर्ष २०८३ को आगमनसँगै विश्वसनीय र प्रतिष्ठित ब्रान्ड गोदरेजले नेपाली ग्राहकहरूका लागि विशेष योजना सार्वजनिक गरेको छ ।

'नयाँ सुरुवातको शुभारम्भ'भन्ने सन्देशसहित ल्याइएको यस अभियानले नयाँ वर्षलाई अझ सहज, आधुनिक र आरामदायी बनाउने लक्ष्य राखेको कम्पनीले जनाएको छ ।

यस योजना अन्तर्गत ग्राहकहरूले गोदरेजका विभिन्न होम अप्लायन्सहरू



खरिद गर्दा ३५ हजार तीन सय रुपैयाँसम्मको आकर्षक क्यासब्याक प्राप्त गर्न सक्नेछन् । साथै, ग्राहकहरूको दैनिक जीवनलाई थप सहज बनाउने उद्देश्यले हरेक खरिदमा विभिन्न आकर्षक उपहार पनि प्रदान गरिने छ ।

यस अफर अन्तर्गत फ्रन्ट लोड वासिङ मेसीन खरिदमा छ केजी एरियल डिटर्जेन्ट, टप लोड वासिङ मेसीडमा दुई केजी एरियल तथा ट्वीन टुव वासिङ मेसीनमा एक केजी एरियल निःशुल्क प्रदान गरिने छ । त्यसैगरी माइक्रोवेभ ओभन खरिद गर्दा कुकिङ किट उपहार, एयरकन्डिसनर मा फ्रि इन्टलेशन साथै सबै उत्पादनहरूमा फ्रि डेलिभरी सुविधा उपलब्ध रहने छ ।

गोदरेजले वर्षौंदेखि गुणस्तर, विश्वास र नवीनतामा आधारित सेवा प्रदान गर्दै आएको छ । जसका कारण यसले मस्ट ट्रष्टेड ब्रान्डको पहिचान कायम राख्न सफल भएको छ । यस नयाँ वर्ष योजना पनि ग्राहकहरूको विश्वासलाई अझ मजबुत बनाउने उद्देश्यले ल्याइएको कम्पनीले जनाएको छ ।

यसका साथै ग्राहकहरूले सीजी इलेक्स मार्फत सजिलो ०% इएमआई सुविधा पनि उपभोग गर्न सक्नेछन्, जहाँ न्यूनतम कागजी प्रक्रिया र 'नागरिकता भए पुग्छ' भन्ने सरल प्रक्रियाले खरिदलाई अझ सहज बनाएको छ ।

गोदरेजका यी सम्पूर्ण अफरहरू नेपालभर सीजी इलेक्ट्रोनिक्स मार्फत उपलब्ध छन् र सीमित अवधिका लागि मात्र लागू हुने भएकाले ग्राहकहरूलाई आफ्नो नजिकको आधिकारिक शोरुम वा डिलर मार्फत छिटो खरिद गर्न आग्रह गरिएको छ ।


**गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।** Ganapati Bakers — Finest Bakery in town. सम्पर्क नम्बर : बिर्तामोड : ९८१०९४४५७७, काँकरभिट्टा : ९८२०५४४५७७, भद्रपुर : ९८२०१४४५७७

**कलर दोकानको रंगिन बहार** — यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् । **कलर दोकान**, बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व, फोन नं. : ९८५२६७२२२०

**वैदेशिक रोजगार** — के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।** सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३, बिर्तामोड, झापा

**वैदेशिक रोजगार** — यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला । HK EMPLOYMENT SERVICES PRIVATE LIMITED. सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३, बिर्तामोड, झापा

**कार्की ट्याक्सी सर्भिस** — दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस् । छुट्ने समय — दमकबाट : बिहान ६ बजे, बिर्तामोडबाट : बिहान ७ बजे, मंगलबारेबाट : दिउसो १२ बजे। सम्पर्क (चालक) — सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५; जीवन कार्की ९८१७९४०१७३; मे १ ज १६७०

**उच्च गुणस्तर सुलभ मूल्य — सयपत्री बालुवा प्रशोधन उद्योग** — यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ । सम्पर्क : ९८६६२४२४६६, Whatsp: ९८४२६५४४००/९८०४९५४४००, अर्जुनधारा नपा- ४, झापा

**शुद्ध दूधको स्वस्थ उत्पादन — कोसेली** — "सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा" दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ । **कालिका डेरी**, कृषिथोक पूर्वगेट बिर्तामोड, फोन नं.: ०२३-५३४१२९, ९८५२६४४१२९, ९८०२३१३२७२

**SUNMAI SPRING** 'थोपा-थोपामा जीवन छ' — HACCP, ISO 9001:2015, स्वदेशी। स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं । SUNMAI SPRING Phone: 530335, 530234 Mob. No. 9801440344

**DRISHTI Eye Care System** — TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS. प्रत्येक दिन आँखाको शल्यक्रिया: १) मोतियाबिन्दुको शल्यक्रिया २) जलबिन्दुको शल्यक्रिया ३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया ४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया ५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)। Visit our Website www.drishtieye.org — सबैका लागी दृष्टि, सधैंका लागी दृष्टि

**United International Group — UAE मा रोजगारीको अवसर** — ७ दिनमा भिषा आउने। कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924. पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर। ASIA LINK SERVICES (P) LTD. BRANCH OFFICE : BIRTAMOD, JHAPA. Tel: 023-535072 / 531287. Mob: 9852674809 / 9863714421, 9807963795 / 9816015488. email: asialinkjhapa@gmail.com, phagdhakgroup@gmail.com

**UPVC झ्याल ढोका** — टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् । गणपति UPVC झ्याल, ढोका-संसार। सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक ९८५२६७१४२२, ९८१८२१०६७०

**सेफ्टी ट्यांकी चाहिएमा** — अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकीलाई** सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।* सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे। देवराज गिरी ९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**घर ढलान गर्नुछ ?** — तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रित ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस् । सेवामा २४सैं घण्टा उपलब्ध छौं । सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

**आयुर्वेद उपचार** — यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ । **सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.** काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड। सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**अब बिर्तामोडमा डा. पितामबर ठाकुर** MBBS. MD(TU) NMC NO. 1914 — मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन। हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म। के तपाईलाई तलका मध्ये कुनै समस्या छ ? पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह। डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म। (+977) 9817964771, (+977) 023-590008. THAKUR POLYCLINIC, Birtamode-1, Jhapa, Nepal, Opposite of Paschim Bus Stand

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक** — १५ वर्षको अनुभवसँग तपाईंको सेवामा : हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा ! हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२, शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**वैदेशिक रोजगार** — अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा। हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं । सम्पर्क : GLOBAL RECRUIT EXPERTS. Branch Office: Birtamode, Jhapa, Near Aduwa Khola Behind Binayak hotel, Birtamode, jhapa, Nepal. Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031. email: globalrecruitexperts9@gmail.com

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्** — यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् । बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०। उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर, फोन नं. : ९८११३४८२४३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा** — बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् । ताप्लेजुङ पाथीभरा काउन्टर, मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला । झापा सेफ्टी ट्यांकी तथा ढल सफाई** — बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५। दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०। झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**उक्त सबै रोगहरूको तत्काल उपचार** — तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ । पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।

**तारा होमियो फार्मेसी**, बिर्तामोड, झापा। फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार** — पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)